नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

प.सं.:- ०८१।८२
च.नं.:-२९४

मितिः २०८१।०५।२३

विषय- नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको ब्याज भूक्तानी सम्बन्धमा।

श्री बजार निर्माता (बैक तथा वित्तीय संस्था)
सबै।

नेपाल राष्ट्र बैक मार्फत जारी भएका नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको ब्याज भूक्तानी साविकमा तहाँ बजार निर्माता मार्फत बचतपत्रधनीलाई भूक्तानी दिई यस कार्यालयबाट सोधभर्ना भूक्तानी हुदै आएको विदितै छ। बचतपत्रको साँवा/ब्याज भूक्तानी प्रक्रियालाई सरलीकरण गर्न हाल बचतपत्रका भौतिक प्रमाणपत्रलाई अभौतिकीकरण (Dematerialization) गर्ने कार्य यस कार्यालयबाट भैरहेको र अभौतिकीकरण भएका बचतपत्रको साँवा/ब्याज भूक्तानी सम्बन्धित बचतपत्रधनीको बैक खातामा तहाँ बजार निर्माता मार्फत जम्मा गरिने भएको हुदाँ साविक अनुसार बचतपत्रधनी ब्याज भूक्तानी लिन आएमा ब्याज भूक्तानी नदिई अभौतिकीकरणका लागि यस कार्यालयमा पठाउनुहुन अनुरोध छ। साथै अभौतिकीकरण नभएका बचतपत्रको साँवा/ब्याज रकम अभौतिकीकरण कार्य सम्पन्न भएपछि मात्र बचतपत्रधनीको बैक खातामा जम्मा हुने समेत अनुरोध छ।

*पुनश्चः- तहाँ बजार निर्माता अन्तर्गतका बचतपत्रधनीको विवरण सहितको साँवा/ब्याजको रकम (२०८१ भाद्र २५ गते देखिको किस्ता) तहाँ बैकको खातामा पठाईनेछ। उक्त रकम सम्बन्धित बचतपत्रधनीको बैक खातामा जम्मा गरिदिनुहुन समेत अनुरोध छ। साथै २०८१ भाद्र २४ भन्दा अगाडीका किस्ताको ब्याज साविक अनुसार नै बचतपत्रधनीलाई भूक्तानी दिई यस कार्यालयमा सोधभर्ना माग गर्नुहुन।*

२०८१।०५।२३
(प्रकाश पुडासैनी)
उप सचिव

फोन नं. : ०१-४५३८३५८, ०१-४५३८३५९, इमेलः info@pdmo.gov.np